फोन : ०६३-४२०४५८
फ्याक्स : ०६३-४२०४५८

**नेपाल सरकार**
**स्थानीय विकास मन्त्रालय**

# जिल्ला विकास समितिको कार्यालय

**स्याङ्जा**

*पत्र संख्या :- ०७१/०७२ (योजना शाखा)* गण्डकी अञ्चल, नेपाल
*चलानी नं :-* मिति : २०७१।०८।२८ गते ।

**विषय : आ.व. ०७२/०७३ को बार्षिक बजेट शिलिङ्ग, योजना तथा कार्यक्रम तर्जुमा सम्वन्धी मार्गदर्शन सम्वन्धमा ।**

**श्री कार्यालय प्रमुख ज्यू,,**
**विषयगत कार्यालय/सरोकारवाला निकाय (सवै),**
**स्याङ्जा ।**

प्रस्तुत विषयमा आ.व. ०७२/०७३ को बार्षिक जिल्ला विकास योजना तर्जुमा अन्तर्गत पूर्व योजना तर्जुमा गोष्ठी मिति २०७१/०८/११ सम्पन्न गरिएको र उक्त वैठकको निर्णयवाट पारित आ.व. ०७२/०७३ को बजेट शिलिङ्ग तथा मार्गदर्शन सम्वन्धमा देहाय बमोजिम गर्ने गराउने निर्णय भएको तथा हालै राष्ट्रिय योजना आयोगर संङघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट देहायबमोजिम मार्गदर्शन तथा बजेट शिलिङ्ग समेत प्राप्त हुन आएको हुँदा आवश्यक जानकारी एवं कार्यान्वयनको लागि पठाईएको व्यहोरा अनुरोध गरिन्छ ।
यस पटक प्रेषित मार्गदर्शन र बजेटले विषयगत कार्यालयको जिम्मेवारी र जवाफदेहितालाई अझ बढी गहन बनाएको तर्फ यहाँहरुको ध्यानाकर्षण गराउन चाहान्छु ।
अतः देहायका निर्णयहरु एवं बुँदाहरुको अनुसरण गरी आ.व. ०७२।०७३ को बार्षिक कार्यक्रम तथा बजेट तर्जुमा कार्यसम्पन्न गर्नु गराउनु हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

**(मिति २०७१/०८/११ गतेको पूर्व योजना तर्जुमा गोष्ठीवाट पारित देहाय बमोजिमका निर्णय एवं मार्गदर्शनहरुको परिधि भित्र रहि गा.वि.स./न.पा./जिल्लाका योजना तथा कार्यक्रम तर्जुमा गर्ने ):-**

**निर्णय नं. १**
स्थानीय श्रोत परिचालन कार्यविधि २०६९ अनुसार योजना तर्जुमा गर्ने र न.पा/गा.वि.स.वाट सम्वोधन हुन नसक्ने योजना/कार्यक्रमको सम्वन्धमा जि.वि.स.वाट प्रेषित गरिएको योजना तर्जुमा फाराम भरी पूर्व योजना तर्जुमा गोष्ठी/वैठकवाट पारित मार्गदर्शन अनुरुप गाउँ/नगर परिषद्वाट पारित गरी ईलाकास्तरीय योजना तर्जुमा वैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**
मिति २०७१ साल माघ महिनाको तेस्रो हप्ता सम्ममा संचालन हुने ईलाकास्तरीय गोष्ठीमा विषयगत कार्यालयहरु र गै.स.स.हरुवाट जिम्मेवार पदाधिकारी/कर्मचारीहरु अनिवार्य रुपमा उपस्थित हुने र सर्वदलीय पार्टी प्रमुख तथा प्रतिनिधिज्यूहरु र महिला, दलित, अपाङ्ग र जनजाती समन्वय समितिका उपाध्यक्ष ज्यूहरु, पर्यटन विकास समितिका उपाध्यक्षले संभव भए सम्म भाग लिने व्यवस्था हुन आवश्यक प्रवन्ध मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

विभिन्न राजनैतिक दलहरुले आफ्ना ईलाकास्तरीय प्रतिनिधिलाई ईलाका स्तरीय योजना तर्जुमा वैठकमा उपस्थित गराउने व्यवस्थाको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

विषयगत कार्यालयहरुवाट सम्वन्धित गा.वि.स./न.पा.मा संचालन गर्न सकिने संभावित योजना/कार्यक्रमहरु तथा मार्गदर्शनहरु न.पा/गाउँ परिषद् भन्दा पहिलानै सम्वन्धित न.पा/गा.वि.स.हरुमा पठाउने निर्णय गरियो ।

**निर्णय नं.५**

देहाय बमोजिम पूर्व योजना तर्जुमा वैठकमा प्रस्तुत गरिएका योजना तर्जुमाका प्राथमिकताका आधारहरु, मार्गदर्शनहरु, योजना तर्जुमाका सम्वन्धमा उठेका विषयहरु, जिल्ला स्थित विषयगत कार्यालयहरु र सामाजिक संघ संस्था एवं जि.वि.स.को प्रक्षेपित बजेट र बजेट सिलिङ्ग तथा आगामी आ.व. ०७२/०७३ को नीतिका सम्वन्धमा वैठकका सहभागी सम्पूर्ण सरोकारवालाहरु, सर्वदलिय प्रमुख एवं प्रतिनिधिहरु, वाट प्राप्त सुझाब समेतलाई समावेश गरि देहायबमोजिम जिल्लास्तरीय तथा गा.वि.स./न.पा.स्तरीय मार्गदर्शनको रुपमा पठाउने निर्णय गरियो ।

**आ.व.०७२ /०७३ को बार्षिक जिल्ला विकास योजना तर्जुमाकमा विषयगत नीतिहरु :**

**१.कृषि, पशु क्षेत्र :** यस जिल्लाको प्रमुख स्वरोजगार आय-आर्जनको प्रमुख क्षेत्र कृषि तथा पशु रहेको हुँदा यसको व्यवसायीकरण, विविधीकरण, बजारीकरण गरी सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गर्दै कृषि प्रणालीलाई आधुनिकीकरण गर्ने, प्राङ्गगारिक खेती प्रणालीलाई प्रोत्साहित गरिने छ । यस जिल्लाका झण्डै ४० हजार युवाहरु वैदेशिक रोजगारमा रहेको सन्दर्भमा उनीहरुबाट भित्रिएको पूँजी, सीप, अठोट र स्वाभिमानलाई यस क्षेत्रमा उपयोग गरी कृषि एवं पशु विकासका क्षेत्रमा थप क्रियाकलापहरुमा विस्तार गरी स्वरोजगारका अवसरहरु सिर्जना गर्न प्रोत्साहन गरिनेछ । र फलफूल तरकारी लगायतका उत्पादनलाई सुरक्षित भण्डारण गर्न शित भण्डारण निर्माण र एक गाउँ एक उत्पादनको नीतिलाई अगाडि बढाईने छ ।

**२. ग्रामीण खानेपानी सरसफाई तथा वस्ती विकास :** जनताको स्वस्थ्य जीवन स्तरको लागि शुद्ध पिउने खानेपानी तथा सरसफाई कार्यक्रमलाई आगामी ५ बर्षभित्र सबैको पहुँचमा पुर्‍याईनेछ र खुला दिसामुक्त जिल्ला घोषणा पश्चात् पनि सो कार्यक्रमलाई दिगो र निरन्तरता (POst-ODF) दिईने नीति लिईने छ । यसको लागि एयकत ODF Strategy तयारी गरी लागू गरिने छ । ग्रामीण ईलाकामा वस्ती तथा बजारहरुको विकास सम्बन्धी योजना बनाइ कार्यान्वयन गर्ने तर्फ पनि ध्यान दिईने छ ।

**३. जलविद्युत तथा ऊर्जा :** जिल्लामा विद्युतीकरण नपुगेका गाउँ विकास समितिहरुमा विद्युतीकरण गर्ने कार्यलाई प्राथमिकतामा राखिने छ । जिल्लामा विद्युतीकरण नभएको क्याक्मी गा.वि.स.मा विद्युतीकरण गरिने छ । विद्युत रोयल्टीलाई विद्युतीकरणकै क्षेत्रमा लगानी गर्ने नीति लिईने छ । स-साना ग्रामीण जलविद्युत तथा अन्य ऊर्जा सम्बन्धी आयोजनाहरु कार्यान्वयन गर्न प्रोत्साहन गरिने छ । वैकल्पिक ऊर्जा/नविकरणीय ऊर्जाका कार्यक्रमहरुलाई सहयोग एवं प्रोत्साहन गरिने छ सुधारिएको माटोको चुल्हो बनाउने कार्यक्रमलाई प्रोत्साहन गरी सन २०१७ सम्मा घरभित्रको धुँवा रहित जिल्ला घोषण गर्ने नीति रहेको छ ।

**४. भौतिक एवं स्थानीय पूर्वाधार निर्माण तथा यातायात :** जिल्लाभित्र जिल्ला स्तरीय सडकहरुको गुरुयोजना पुनरावलोकन कार्यलाई सम्पन्न गरी प्रमुख सडकहरुको स्तरोन्नती गरी बाह्रै महिना सुरक्षित, भरपर्दो र विश्वसनिय यातायात सञ्चालनमा जोड दिईने छ । झोलुङ्गे पूलहरुको निर्माण कार्यलाई थप निरन्तरता दिईने छ । जल मार्ग जस्ता वैकल्पिक यातायातका उपायहरुको पनि अध्ययन अनुसन्धान गरी दिंगो स्थानीय पूर्वाधारको विकासद्वारा

गरिवी न्यूनीकरण र जनताको जीवनस्तरमा सुधार ल्याउने नीतिमा जोड दिइने छ । स्थानीय पूर्वाधार निर्माण कार्यलाई वातावरण मैत्री बनाईने छ ।

**५. भूमि सुधार तथा भूमि व्यवस्था :** जिल्ला विकास क्षेत्रभित्र रहेका ऐलानी तथा सरकारी पर्ति जग्गाहरुको संरक्षण र सम्बर्द्धन गर्न सरोकारवाला निकायहरुसँग सहकार्य गरी अभिलेख व्यवस्थापन गरिनेछ ।

६. महिला, आदिवासी, जनजाति, दलित, जेष्ठ नागरिक, फरक क्षमता भएका तथा असहाय क्षेत्र : जिल्ला भित्रका विपन्न महिला, बालबालिका, बृद्ध अपाङ्ग अशक्त, दलित, फरक क्षमता भएकाहरुको उत्थान, विकास र संरक्षण कार्यमा विशेष ध्यान दिई सामाजिक सुरक्षालाई विश्वासिलो बनाईने । सामाजिक सुरक्षा भत्ताको वितरणलाई पारदर्शी र सहज बनाउन नगरपालिका क्षेत्रमा लागू गरिएको बैकिङ्ग प्रणालीलाई गाउँ विकास समितिहरुमा समेत विस्तार गर्ने नीति लिईने छ । महिला हिंसा नियन्त्रण गर्न लैङ्गिग समानता तथा सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गर्न सरोकारवाला निकायहरुलाई सहयोग गरिने छ । महिला कार्यक्रमहरु सबै गा.वि.स.हरुमा विस्तार गर्न प्रोत्साहन गरिने छ । जिल्लाभित्र छुवाछुत, सामाजिक विभेद जस्ता विकृति र विसंगतिहरुलाई अन्त्य गरी जिल्लालाई छुवाछुत र सामाजिक विभेदरहित जिल्ला घोषणा गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**७. वन, वातावरण तथा जल वायु परिवर्तन :** वन, वनस्पती, जैविक विविधता, जल वायु परिवर्तन र भू-संरक्षण एवं वातावरण संरक्षण सम्बर्द्धन गर्न गराउन वातावरण सम्बन्धी कानूनलाई दृढताका साथ कार्यान्वयनमा ल्याईने छ । मौसम परिवर्तनले पारेको असर न्यूनीकरण गर्न तत् अनुकुलका कार्यक्रमहरु कार्यान्वयनमा उत्प्रेरक, समन्वयकारी र प्रबर्द्धनकारी भूमिका अवलम्वन गरिनेछ ।

**८. शिक्षा, युवा तथा खेलकूद विकास :** जिल्लाभित्र सबै तहको शिक्षालाई समतामूलक बनाई सबैको पहुँचमा पुऱ्याउन गुणस्तरीय, सान्दर्भिक, जीवनपयोगी, सीपमूलक एवं व्यवसायिक विशेष जोड दिईने छ । प्रौढ र अनौपचारिक शिक्षाका माध्यमबाट जिल्लाभित्र सबैलाई साक्षर बनाउने नीतिलाई निरन्तरता दिईने छ । युवाहरुको सशक्तिकरण, जिल्लामा भएको खेलकूद विकासको संभावना समेतलाई ध्यानमा राखी सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरी कार्यक्रमहरु सञ्चालन गरिने छ ।

**९. मजदुर तथा श्रम ज्याला** : जिल्ला स्तरमा श्रमको ज्याला दर एवं मजदुरीको दररेटलाई समसामयिक रुपमा निर्धारण गर्ने र बालश्रम निवारण तथा उद्दार सम्बन्धी कार्यक्रम गर्न सरोकारावाला निकायहरुसँग छलफल गरी समन्वयात्मक रुपमा काम गर्ने नीति लिईने छ ।

**१०. सिंचाई, भू-क्षय तथा नदी नियन्त्रण :** जिल्ला भित्र खेतीयोग्य जमिनहरुमा सिंचाई सुविधा पुऱ्याउने नीतिलाई निरन्तरता दिईने छ । जिल्लाका आँधीखोला लगायत अन्य सहायक खोलाहरुबाट हुने भू-क्षय, नदी कटान आदिलाई नियन्त्रण गर्न सरोकारवाला निकायहरुसँग छलफल गरी गुरुयोजना बनाई कार्यान्वयनमा ल्याइने छ ।

**११.सूचना तथा सञ्चार :** जिल्लाभित्र सूचना तथा सञ्चार क्षेत्रको प्रभावकारी विकास र व्यवस्थापनको लागि जिल्ला पत्रकार महासंघको समेत सहभागीतामा बनाईएको कार्यदलले दिएको प्रतिवेदन कार्यान्वयनमा ल्याईने छ । ग्रामीण क्षेत्रमा पुस्तकालय, वाचनालय र सूचना केन्द्र खोल्न प्रोत्साहित गर्ने नीति लिइने छ । आधुनिक सूचना र प्रविधिको उपयोगलाई बढावा दिई सेवा प्रवाहका कार्यलाई प्रभावकारी बनाईने छ ।

**१२. भाषा र संस्कृति संरक्षण :** जिल्लाभित्रका सांस्कृतिक एवं धार्मिक महत्वका स्थानहरुको अभिलेख राख्ने, मर्मत संभार एवं संरक्षण र संरक्षण गर्ने, विभिन्न भाषा, धर्म, कला र संस्कृति आदिको संरक्षण र सम्बर्द्धन गरी नागरिकका सामाजिक, सांस्कृतिक अधिकारको संरक्षण, निर्वाध उपयोग गर्ने वातावरण निर्माणमा जोड दिईने छ ।

**१३.घरेलु उद्योग :** जिल्लाभित्र स्वरोजगारको रुपमा घरेलु उद्योगलाई प्रोत्साहन दिन घरेलु तालिम एवं सीप विकासका कार्यक्रमहरु ग्रामीण ईलाकामा केन्द्रीत गरिने छ । लघु ईलम कर्जालाई ग्रामीणमुखी बनाउन वित्तिय संस्थाहरुलाई प्रोत्साहन गरिने छ ।

**१४. स्वास्थ्य तथा जनसंख्या र पोषण :** जिल्लाभित्र स्वास्थ्य सेवालाई सबैको पहुँचमा पुऱ्याउन स्वास्थ्य चौकी/केन्द्र, अस्पताल, आयुर्वेदिय औषधालयको सञ्चालन तथा पूर्वाधारहरुको व्यवस्थापन गर्न सरोकारवाला

निकायहरुलाई सहयोग र प्रोत्साहन गरिने छ । जन स्वास्थ्यमा प्रतिकुल असर पर्ने हानीकारक चिज वस्तुको सार्वजनिक प्रयोग, उपभोग्य वस्तुको बेच विखन र उपभोगमा रोक लगाईने छ । २४ घण्टे स्वास्थ्य सेवा, राष्ट्रिय स्वास्थ्य नीतिलाई जिल्लाभित्र कार्यान्वयन गर्न सहयोग पुऱ्याईने छ । जिल्लामा स्वास्थ्य कार्यालय समेतको सहयोगमा गै.स.स. मार्फत् भएका पोषण कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न सहयोग गरिनेछ ।

**१५. पर्यटन :** जिल्लाभित्रको प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पर्यटकीय सम्पदाको संरक्षण, सम्बर्द्धन, विस्तार र सदुपयोग गर्न एवं होम स्टे, हनिवल, ग्रामीण पर्यटन महोत्सव आदिलाई जिल्लाको पर्यटन गुरुयोजना अनुसार कार्यान्वयनमा सहयोग र प्रोत्साहन गरिनेछ ।

**१६.सुशासन तथा मानव अधिकार :** जिल्लाभित्र सेवा प्रवाहलाई विश्वसनिय भरपर्दो एवं जनमुखी बनाउन सुशासनका आधारभूत सिद्धान्तहरुको प्रभावकारी अवलम्वन गरिने छ । नागरिक वडापत्रको पुनरावलोकन र कार्यान्वयनमा विशेष ध्यान दिईनेछ । सबै प्रकारका आर्थिक तथा सामाजिक विभेदको न्यूनीकरण गरी राज्यले व्यक्त गरेका मानव अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई स्थानीय विकास प्रक्रियामा समेत आन्तरिकीकरण गरी मानव अधिकारका आधारभूत सिद्धान्तहरुको प्रभावकारी कार्यान्वयनमा जोड दिईने छ । स्थानीय सेवा प्रवाहमा सूचना तथा प्रविधि (Information and communation technology) को व्यापक उपयोग गरिने छ । सार्वजनिक सेवा प्रवाहमा आवश्यक पर्ने सफ्टवयर उपयोग गर्ने, सामाजिक सुरक्षा भत्ता पाउनेको नाम जि.वि.स.को वेव साइटमा राख्ने, विकास निर्माणका कामहरु ठेक्कापट्टा गर्दा E-Bidding द्वारा गरिने छ  गा.वि.स.मा सूचना प्रविधिको उपयोगमा बृद्धि गरिने छ र गा.वि.स.को वेव साइट निर्माण गरी जि.वि.स.को Server मा जोडिने छ जि.वि.स.को लेखालाई Computerize गर्ने, Software मार्फत काम गरिने छ । यसरी जिल्ला स्तरमा सुशासन E-Governance को क्षेत्रमा समेत विशेष जोड दिईने छ ।

**१७. संस्थागत क्षमता विकास र आन्तरिक श्रोतको परिचालन एवं व्यवस्थापन :** स्थानीय तहमा योजना, कार्यक्रम एवं सेवा प्रवाहका कार्यहरुलाई प्रभावकारी, जनमुखी एवं प्रतिस्पर्धी बनाउन जिल्ला विकास समितिको संस्थागत क्षमता अभिबृद्धिमा जोड दिईने छ । केन्द्रीय अनुदान एवं विदेशी सहयोग माथिको परनिर्भरता हटाई कार्यक्रमहरुको दिगो व्यवस्थापन एवं आन्तरिकीकरणका लागि आन्तरिक श्रोत साधनको अभिबृद्धि गर्न आवश्यक छ । जिल्लाको विद्यमान श्रोत, साधनले जनताको आकांक्षाहरुलाई सम्बोधन गर्न नसकिरहेको अवस्थामा जिल्लाभित्रका सबै स्थानीय श्रोत, साधनको पहिचान, जिल्ला विकास समितिका संभाव्य श्रोतहरुको परिचालन र उपयोग गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**१८. गै.स.स. तथा दातृ निकाय :** स्थानीय सेवा प्रदायक संस्थाहरुलाई जिल्लाको विकास र सेवा प्रवाहमा प्रक्रियामा संलग्न गराई उनीहरुको क्षमता अभिबृद्धि गर्नमा समेत जोड दिईने छ । दातृ निकायहरुबाट सञ्चालित कार्यक्रमहरुलाई थप गा.वि.स.हरुमा अनुशरण कार्यक्रमको रुपमा कार्यक्षेत्र विस्तार गर्न प्रोत्साहित गरिने छ । स्थानीय निकायका नीति, योजना तथा कार्यक्रममा समन्वय नगरी कार्य गर्ने गै.स.स. र दातृ संस्थाहरुलाई ≈थभ( ≈थभ को नीति लिईनेछ ।

**१९. सहस्राब्दी, सार्क विकास लक्ष्य तथा गरिवी निवारण एवं आवधिक योजना :** जनताको जीवन स्तरलाई न्यूनतम् आधारभूत आवश्यकता परिपूर्ति सहित मानव अधिकारको न्यूनतम् सिद्धान्तहरु उपयोग हुन सक्ने गरी निर्धारण गरिएको सहस्राब्दी एवं सार्क विकास लक्ष्यका कार्यक्रमहरुलाई स्थानीयकरण गरी जिल्लाभित्र गरिवीको रेखामुनी रहेको करिव १ तिहाई जनसंख्यालाई सम्बोधन हुने गरी गरिवी निवारण कार्यक्रमहरु सामाजिक परिचालनका माध्यमबाट सञ्चालन गरिनेछ । जिल्लाभित्र गरिवी नक्साङ्कन गरी जिल्लाको आवधिक योजना निर्माण, जिल्ला पार्श्वचित्र प्रकाशन गर्ने कार्यलाई जोड दिईने छ ।

**२०. योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन :** विकास योजना कार्यक्रम तथा आयोजनाहरु तोकिएको गुणस्तर, लागत परिमाण र समयमा सम्पन्न गर्न ती योजनाको अनुगमन तथा मूल्याङ्कनलाई नतिजामूलक तथा भरपर्दो बनाई सेवा प्रवाह प्रतिको उत्तरदायित्व र जवाफदेहीता कायम गर्न कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको संस्थागत क्षमता विकासमा ध्यान दिईने छ । नतिजामूलक अनुगमन, मूल्याङ्कन निर्देशिकाको कार्यान्वयनमा जोड दिईनेछ । सरोकारवाला उपभोक्ताहरुलाई आयोजना प्रक्रियामा संलग्न गराई आयोजनाको प्रभावकारिता बढाउन जोड दिईनेछ ।

१. जिल्ला विकास समितिको आन्तरिक आय आर्जन बढाउन जि.वि.स.को स्वामित्वमा रहेको सभागृह कम्पाउण्डको ठाडो लाईनमा व्यापारिक कम्पेक्स बनाउन सुरुवात गरिने छ ।
अवलम्वन तथा पारित गरिनुपर्ने हाम्रा प्रस्ताव एवं निर्णयहरु :-

- सवै विषयगत निकाय तथा कार्यालयको ईलाकास्तरीय बजेट शिलिङ्ग तोकि द्ययततक ग्उ एबिललष्लन एचयअभकक मा सहभागिता रहनुपर्ने ।
- गै.स.स.क्षेत्रको उपस्थिती अनिवार्य रहनुपर्ने ।
- दोहोरोपन हुन नहुने ।
- समन्वय तथा साझेदारीतामा जोड दिई अपनत्व स्वीकारी बार्षिक योजना तर्जुमामा सकृयता रहनुपर्ने ।
- दातृपक्षहरुको एचयनचक्कभ विवरण सहित सवै सेवा केन्द्रमा उपस्थिती रहनुपर्ने ।
- योजना तर्जुमा प्रकृया तथा चरणहरुमा विषयगत ल्न्इ, क्ष्ल्न्इ को उपस्थिती तथा आमन्त्रण सवै विषयगत निकायहरुले आ-आफ्नो पहलवाट गर्ने ।
- केन्द्रिय निकाय तथा मन्त्रालयवाट प्राप्त बजेट शिलिङ्ग तथा मार्गदर्शन बमोजिमनै अख्तियारी र बजेट आउनुपर्ने ।
- सवै निकायले वडा नागरिक मञ्च, गाउँ एकिकृत योजना तर्जुमा समिति हुदै गाउँ परिषद्वाट प्राप्त कार्यक्रमलाई अगाडी वढाईनु पर्ने ।
- वन तथा वातावरण, कृषि विकास समिति को जस्तै पूर्वाधार तथा संरचना सँग सम्वन्धित कार्यालयहरुले पनि समन्वय समिति निर्माण गराई सुसुचितता, समन्वय, पारदर्शिता र अपनत्व एवं जवाफदेहिपनमा अझै वढवा दिईनुपर्ने ।
- विषयगत जिल्ला स्तरीय समिक्षा सदरमुकाममा मात्र गर्ने गरिएको र सेवा केन्द्र स्तरमा नगर्दा तत् क्षेत्रका कार्यक्रममा सरोकारवालाले अनविज्ञता यदाकदा प्रकट गर्ने हुँदा सोही अनुसारको विवरण उपलव्ध हुन सक्ने गरि ईलाकास्तरीय योजना तर्जुमा गोष्ठीमा वा सो गोष्ठी हुनु अगावै जानकारी प्रवाह एवं संप्रेषणको व्यवस्था आ-आफ्नो कार्यालयवाट गर्ने ।
- गा.वि.स./न.पा.ले जिल्ला एवं केन्द्र स्तरीय योजना तथा कार्यक्रम माग गर्दा विषयगत रुपमा गाउँ परिषद्वाट पारित भएकोलाई मात्र पेश गर्नु पर्ने ।
- समिक्षा एवं विष्लेषण तथा सुसासनका प्रवर्द्धनका विधिहरुमा सहभागिता वढाईनुपर्ने, लक्षित वर्ग विकास कार्यक्रम तर्फ सवै निकायको चासो वढाईनुपर्ने ।

**आ.व.०७२/०७३ को लागि जिल्ला स्तरीय विषयगत निकाय, स्थानीय निकायहरुलाई सङघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट प्राप्त बजेट तथा कार्यक्रम तयार गर्ने सम्वन्धमा प्राप्त मार्गदर्शन :**

१) सबै विषयगत कार्यालय/निकायहरुले आफ्नो बजेटको गा.वि.स/न.पा.स्तरमा तर्जुमा हुनुपर्ने योजनाका लागि बजेट उपशिर्षक अनुसार बजेट अलग अलग देखिने गरी बजेट सीमा निर्धारण गरी अविलम्व सम्बन्धित नगरपालिका तथा गाविसहरुमा पठाउने व्यवस्था गर्ने ।
२) विषयगत कार्यालयको प्राप्त बजेट सीमाभित्रका कार्यक्रमहरुको तर्जुमा गर्दा १४ चरणको योजना तर्जुमा प्रक्रिया अनुशरण गर्ने ।
३) यस पत्रबाट प्रेषित मार्गदर्शन र बजेट सीमाले विषयगत कार्यालयको जिम्मेवारी र १४ चरणको सहभागितामूलक योजना प्रकृया अवलम्वन गरी सरोकारवालाको सहभागिता बढी भन्दा बढी हुने गरी योजना तर्जुमा गर्न अझ बढी गहन बनाएको तर्फ पूनः ध्यानाकर्षण गराउन चाहान्छु ।

**आ.व.०७२/०७३ को लागि जिल्ला स्तरीय विषयगत निकाय, स्थानीय निकायहरुलाई राष्ट्रिय योजना आयोगवाट प्राप्त बजेट तथा कार्यक्रम तयार गर्ने सम्वन्धमा प्राप्त मार्गदर्शन :**

**क. समष्टिगत मागनिर्देदर्शन :**

१. जिल्लास्तरीय वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा चालु तेह्रौं योजना (२०७०/७१-२०७२/७३) मा उल्लेखित निम्न विषयहरुलाई अनिवार्य रुपमा अनुसरण गर्ने ।

(क) दीर्घकालीन सोंच,

(ख) उद्देश्य,

(ग) लक्ष्य,

(घ) रणनीति,

(ङ) प्राथमिकता र

(च) क्षेत्रगत नीति एबम् कार्यनीति

२. केन्द्रीय प्राथमिकता पूरा गर्न प्रत्यक्ष सहयोग गर्ने विभिन्न मन्त्रालय अन्तर्गत सञ्चालन हुने क्षेत्रगत कार्यक्रमसँग स्थानीय कार्यक्रमलाई संयोजन र निरन्तरताको लागि सम्वन्धित मन्त्रालयसँग समन्वय गरी कार्यक्रम तर्जुमा गर्ने ।

३. जिल्ला विकास समितिले स्थानीय निकायहरु, श्रेतगत सरकारी कार्यालयहरु, जिल्लामा क्रियाशील गैरसरकारी संघ संस्थाहरु, दातृ निकायका स्थानीय एकाईहरु, नागरिक समाज एबम् निजी क्षेत्रबाट लगानी हुने साधन स्रोतको एकीकृत विवरण तयार गरी सबै साझेदार र सरोकारवालाहरुसँग अन्तर्क्रिया र समन्वय गरी वार्षिक विकास योजना तर्जुमा गर्ने कार्यको अगुवाई गर्ने ।

४. जिल्ला विकास समिति र जिल्लास्थित क्षेत्रगत कार्यालयका सम्पूर्ण कार्यक्रमहरुलाई समेटी स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ लाई समेत आधार मानी एकीकृत रुपमा वार्षिक विकास योजना तर्जुमा गर्ने । यस कार्यमा क्षेत्रगत निकायहरुले आवश्यक प्राविधिक सहयोग जिल्ला विकास समितिलाई उपलब्ध गराउने ।

५. वैदेशिक सहयोगमा संचालित आयोजनाहरुको हकमा नेपाल सरकारको विकास सहायता नीति २०७१, तथा दातृ निकायसँग भएको सम्झौता अनुरुप हुने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

६. सहस्राब्दी विकास लक्ष्य (MDGs) हरु तथा दिगो विकासका लक्ष्य (SDGs) हरुसंग सम्वन्धित अवधारणा एवं नेपाल पक्ष भएका महिला, बालबालिका अपाङ्गता भएका व्यक्ति र आदिवासी/जनजातिसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धी सम्झौतामा उल्लेख भएका विषयमा राष्ट्रिय दायित्व पूरा गर्न सहयोग पुग्ने खालका कार्यक्रमलाई प्राथमिकताका साथ समावेश गर्ने ।

७. जलवायु परिवर्तन अनुकुलन, खानेपानी तथा सरसफाई, अपांगमैत्री एवं वालमैत्री, स्थानीय शासन, पोषण सुधार, लैङ्गिक उत्तरदायी बजेट विनियोजन, विपद व्यवस्थापन, MDG Acceleration Framework जस्ता बहुपक्षीय जिम्मेवारीका विषयलाई स्थानीय निकायले अगुवाई गरेको प्रतिविम्वित हुने गरी वार्षिक कार्यक्रममा तत् सम्बन्धी क्रियाकलाप समावेश गर्ने ।

८. स्थानीय तहमा सञ्चालन हुने विकास कार्यक्रममा विभिन्न किसिमका विपदबाट हुनसक्ने क्षति कम गर्ने उपाय अवलम्वन गरी नयाँ विकास निर्माणले जोखिम थप हुने अवस्था सिर्जना गर्न नहुने ।

९. स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १८५ अनुसार जिल्ला परिषद्को बैठक फाल्गुण मसान्तभित्र सम्पन्न गरी परिषद्बाट पारित वार्षिक विकास कार्यक्रमको एक प्रति चालु आ.ब. को चैत्र महिनाको पहिलो हप्ताभित्र राष्ट्रिय योजना आयोगमा आइपुग्ने गरी पठाउने ।

१०. जिल्लाको आवधिक योजना, क्षेत्रगत गुरुयोजना वा रणनीतिक योजना (जस्तै कृषि, उद्योग, पर्यटन, सडक आदि) तयार भइसकेको भए ती योजनाहरुलाई समेत आधार मानेर वार्षिक विकास कार्यक्रम तर्जुमा गर्ने ।

११. विकाससँग सम्बद्ध आयोजना छनौटदेखि अनुगमन/मूल्याङ्कन गर्ने सम्मका सबै चरणमा अनिवार्य रुपमा महिला, दलित एवं विपन्न वर्ग समेतका सेवाग्राही एवं लक्षित परिवारको सहभागिताको सुनिश्चितता कायम गरी तिनीहरुलाई प्रत्यक्ष लाभ पुग्ने गरी वातावरणमैत्री सीपमूलक एवं रोजगारमूलक कार्यक्रमहरुको तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने ।

१२. नयाँ स्थापना भएका नगरपालिकाहरुको पूर्वाधार विकासलाई प्राथमिकतासाथ अगाडि बढाउने ।

१३. नयाँ आयोजना प्रस्ताव गर्दा अनुसूचि १ मा संलग्न फाराम भरी अनिवार्य रुपमा स्वीकृत भएको हुनुपर्ने । साथै आयोजनाको लागत, समयअवधि, लाभको परिमाण र गुणस्तर स्पष्ट भएको हुनुपर्ने । समय अवधि किटान नभएको अयोजनालाई कार्यक्रममा प्रस्ताव नगर्ने ।

**ख. आयोजनाको तर्जुमा एवम् छनौट सम्बन्धमा**

१४. निम्न विषयहरुमा अध्ययन गरी ती कुरा सपष्ट भएपछि मात्र विकास आयोजनाहरुको छनौट सम्बन्धी निर्णय गर्ने:

(क) योजना प्रकृया पुरा भएको छ छैन ?

(ख) कार्यक्रमको संभाव्यता, व्याबहारिकता र आवश्यकता पुष्टि हुन्छ कि हुँदैन ?

(ग) आयोजनाको सर्वेक्षण, डिजाईन, ड्रईङ्ग तथा लागत गणना भएको छ छैन ?

(घ) केन्द्रीय प्राथमिकता सुनिश्चित हुन्छ हुदैन ?

(ङ) साधनको उपलब्धता र पर्याप्तता सुनिश्चित हुन्छ हुँदैन ? बजेट सिमा नाघ्छ नाघ्दैन ?

(च) आयोजना कार्यान्वयन गर्ने संगठनात्मक तथा प्राविधिक क्षमता छ छैन ?

१५. आयोजनाहरु छनौट गर्दा गरिबी न्यूनीकरण, वातावरण संरक्षण, समावेशी विकासमा सहयोग पुऱ्याउने, रोजगारमूलक, छोटो समयमा सम्पन्न भई बढी प्रतिफल दिने, कम लगानीबाट बढी जनसंख्यालाई लाभ पुऱ्याउने तथा जनसहभागिता प्राप्त गर्न सकिने किसिमका आयोजनालाई प्राथमिकता दिने ।

१६. स्थानीय निकायको अगुवाईमा हुने सहभागितामूलक समावेशी वार्षिक योजना प्रक्रिया (चौध तहको योजना प्रक्रिया) नै जनताको मागलाई व्यवस्थित रुपमा संबोधन गर्ने प्रक्रिया भएकाले सो प्रक्रियाबाट माग भै आउने तर जिल्लास्तरमा संबोधन गर्न नसकिने आयोजनाहरुलाई केन्द्रियस्तरमा समावेश गर्नुपर्ने भएमा जिल्ला विकास समितिको अगुवाइमा तर्जुमा हुने वार्षिक विकास योजनामा त्यस्ता आयोजनाहरु केन्द्रसँग माग गर्ने गरी त्यस्ता मागलाई व्यवस्थापन गर्ने ।

१७. योजना तर्जुमा गर्दा स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधि नभएको हालको अवस्थालाई दृष्टिगत गरी वडा नागरिक मञ्चबाट वडा समिति हुँदै सहभागितामूलक योजना प्रकृया बमोजिम विकास योजना तयार गर्ने १८. आयोजना तर्जुमा गर्दा आफ्नो क्षेत्रको विकास निर्माण एवं सेवा प्रवाहसँग सम्बन्धित विषयमा विषयगत कार्यालयले अन्य सरकारी निकाय, स्थानीय निकाय, निजी क्षेत्र र नागरिक समाजसँग अन्तर्क्रिया एवं समन्वय गरी सूचना एकिकृत गराई सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अपनाई अन्तिम रुप दिने ।

१९. पूर्वाधारतर्फ निर्माणाधीन अधुरा आयोजनालाई सम्पन्न गरी सञ्चालनमा ल्याउने कार्यक्रमलाई प्राथमिकता दिने । पूर्वाधार (सडक, खानेपानी, विद्युत, सिंचाई आदि) तर्फका नयाँ आयोजना/कार्यक्रमलाई वार्षिक विकास कार्यक्रममा समावेश गर्दा निश्चित मापदण्डको आधारमा प्राथमिकीकरण गरी उपलब्ध श्रोतबाट सम्पन्न हुने गरी वार्षिक विकास कार्यक्रममा समावेश गर्ने ।

२०. क्रमागत आयोजना/कार्यक्रमहरु भौतिक तथा वित्तीय प्रगतिको आधारमा छिटो समाप्त हुने गरी प्रस्ताव गर्ने । लामो समयदेखि वार्षिक विकास कार्यक्रममा समावेश भएका तर सम्पन्न हुन नसकेका कार्यक्रम/आयोजनाहरुको औचित्य हेरी आवश्यक देखिएमा मात्र कार्यक्रममा समावेश गर्ने ।

२१. चालु वर्षमा जिल्ला स्तरीय वार्षिक विकास कार्यक्रम (भाग २) मा परेका आयोजना मध्ये स्थानीयको आवश्यकता, प्राथिमिकता, माग, परियोजनाको औचित्यता, आयोजनाको कुल अनुमानित लागत, साधन स्रोतको सुनिश्चितता जस्ता विषयको आधारमा उचित देखिएका आयोजनालाई एउटैमा समावेश गरी केन्द्रिय स्तरको आयोजना बनाउनुपर्ने भए कारण र आधार खुलाई केन्द्रिय स्तरमा समावेश गर्ने ।

**ग. आयोजनाको कार्यान्वयन सम्बन्धमा**

२२. जिल्लामा पुगेको स्रोतलाई न्यायोचित रुपमा जनता समक्ष पु¥याउन जिल्लास्थित सरकारी तथा गैर सरकारी निकायबाट लगानी हुने कार्यक्रम/आयोजनालाई स्रोतको कमी हुन नदिने र बिभिन्न विकास प्रदायक निकायहरुबाट हुने विकास कार्यलाई दोहोरिन नदिने व्यवस्था गरी स्रोतको व्यवस्थापन गर्ने ।

२३. आयोजना/कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायतका कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन जिल्ला विकास समितिले वार्षिक कार्यतालिका बनाई लागू गर्ने र आयोजनाका प्रत्येक चरणमा अत्यधिक मात्रामा जनसहभागिता जुटाउने ।

२४. आयोजना/कार्यक्रमको सञ्चालनमा सहभागिताको मापदण्ड तयार गर्दा आयोजनाको प्रकृति, आयोजना स्थल, उपभोक्ताको क्षमता र केन्द्रीय निर्देशन तथा स्थानीय निकायले अवलम्बन गरेको नीतिको अधिनमा रही नगद, श्रम वा स्थानीय सामग्री समेतको योगदानको अनुपात निर्धारण गर्ने । यसरी सहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार तथा समुदायलाई विशेष सहुलियत दिने उद्देश्य राखी लागत सहभागिता व्यहोर्न नसकेको कारणबाट लक्षित समूहलाई वञ्चित नगरिने नीति अवलम्वन गर्ने ।

२५. स्थानीय निकायबाट सञ्चालन गरिने पूर्वाधार विकास (सडक, खानेपानी, विद्युत, प्रकोप नियन्त्रण आदि) का कार्यक्रमहरु आयोजना/कार्यक्रम गर्नुपूर्व अनिवार्य रुपमा सम्भाव्यता अध्ययन गरेको हुनुपर्ने र यस्ता आयोजना/कार्यक्रम सञ्चालन गर्दा श्रममूलक तथा वातावरणमैत्री प्रविधि अपनाउने, तर श्रम जुट्न नसक्ने आयोजनामा मेसिनरी वा यन्त्रको प्रयोग गर्नु पर्दा लागत अनुमान पनि सोही अनुसारको बनाई काम गराउने । २६. वार्षिक योजना तथा कार्यक्रम तयार गर्दा प्रत्येक निर्वाचन क्षेत्रमा निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत विनियोजित रकमको सिमाभित्र रही भौतिक पूर्वाधार निर्माण कार्यको सुनिश्चितता कायम गर्न सहयोग गर्ने गरी व्यवस्थापिका संसदका माननीय सदस्यहरुले छनौट गर्नु हुने पूर्वाधार आयोजनाहरु जनसहभागिताका आधारमा सञ्चालन गरिने प्रत्येक निर्वाचन क्षेत्र विकास कार्यक्रम समेतलाई योजना प्रकृयामा ल्याउने प्रयोजनका लागि सम्वन्धि क्षेत्रका व्यवस्थापिका-संसद माननीय सदस्यज्यूहरुसँग समन्वय गरी यसमा समावेश गर्ने व्यवस्था मिलाउने ।

**घ. अनुगमन मूल्याङ्कन सम्बन्धमा**

२७. एकीकृत योजना तर्जुमा गर्दा प्रभाव, असर तथा प्रतिफल तहका नतिजालाई समेत स्पष्ट रुपमा परिभाषित गरी नतिजा खाका तयार गर्ने ।

२८. कार्यक्रम/आयोजनाहरुको तर्जुमा गर्दा नै अनुगमन तथा मूल्याङ्कन सम्वन्धी खाका तयार गरी कार्यान्वयनका प्रत्येक चरणमा उक्त खाकालाई अनुशरण गरी कार्यान्वयनलाई सफल बनाउने गरी कार्यक्रम तर्जुमा गर्ने ।

२९. जिल्लास्थित क्षेत्रगत कार्यालयहरुबाट अनिवार्य रुपमा निर्दिष्ट ढाँचामा सूचकहरुको प्रगति लिई जिल्ला सूचना तथा विश्लेषण अभिलेख केन्द्रमा राख्ने र उक्त सूचनाको प्रवृष्टि गरी प्रशोधन तथा विश्लेषण गर्ने व्यवस्था मिलाउने ।

**ङ. अन्तरसम्बन्धित विषयहरु** (Cross Cutting Issues)

३०. गरिबी न्यूनीकरण, सुशासन, जनताको नजिकमा सेवा सुविधा, दिगो, गुणस्तरीय र वातावरणमैत्री स्थानीय पूर्वाधारको विकास र स्थानीय शासन, आर्थिक अवसरमा बृद्धि एबम् त्यसमा जनताको सहज पहुँच, लैङ्गिक उत्तरदायी बजेट, बालमैत्री एबम् वातावरणमैत्री स्थानीय शासन, सामाजिक सुरक्षा, समावेशीकरण र सशक्तीकरण जस्ता विषयलाई उच्च प्राथमिकतामा राखी वार्षिक कार्यक्रम तर्जुमा गर्ने ।

३१. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत राज्यले सुविधा उपलब्ध गराउने लक्षित समूहको लगत अद्यावधिक गरी राख्ने । यस्तो रकमको भुक्तानी बैङ्किङ प्रणालीमार्फत गर्ने व्यवस्थालाई थप विस्तार गर्ने ।

३२. वार्षिक विकास कार्यक्रमको तर्जुमा गर्दा विगतमा शुरु भई सञ्चालनमा रहेका तर सम्पन्न भई नसकेका महत्वपूर्ण आयोजनाहरुलाई प्राथमिकताका साथ निरन्तरता दिने ।

३३. स्थानीय पूर्वाधारहरुको निर्माण एवम् सञ्चालन गर्दा जोखिम न्यूनीकरणलाई उच्च प्राथमिकता दिंदै स्थानीय निकायले तयार पारेको विपद एवं जलवायुजन्य जोखिम व्यवस्थापन योजनाले निर्दिष्ट गरेको पक्षहरुलाई समेटी नयाँ विकास निर्माणहरुको प्रस्ताव गर्ने ।

## च. साधनको सुनिश्चितता

३४. सम्पन्न भईसकेका भौतिक संरचनाहरुको दिगोपनालाई ध्यान दिई निरन्तर सञ्चालन हुन सक्ने अवस्थामा राख्नको लागि आवश्यक मर्मत सम्भार कोष सम्बन्धी व्यवस्था गर्ने ।

३५. स्थानीय निकायले सहकार्य गरी संयुक्त लगानीमा सञ्चालन गर्ने कार्यक्रम/आयोजनाहरुका लागि आवश्यक पर्ने सम्झौता बमोजिमको साझेदारी वा लागत सहभागिता रकम समपूरक कोष (Matching fund) मा आवश्यक रकम छुट्याएर मात्र अन्य कार्यक्रम/आयोजनाहरुमा बजेट विनियोजन गर्ने ।

अनुसूची १

## जिल्ला स्तरीय विकास आयोजना प्रस्ताव गर्ने फाराम

खण्ड क : आयोजनाका आधारभूत विवरण

१. आयोजनाको नामः

२. आयोजनाको लक्ष्यः

३. आयोजनाको उद्देश्यः

४. आयोजना कार्यान्वयन हुने क्षेत्र र छनोट गर्दा अपनाइएका आधारहरू

क) कार्यान्वयन क्षेत्रः  जिल्ला                    निर्वाचन क्षेत्र

न.पा. ⁄गा.वि.स.

ख) छनोटका आधारहरूः

५. आयोजनाको कुल लागतः

६. दातृ संस्थाः

७. आयोजनाको अवधि (प्रस्तावित जम्मा वर्ष):

(क) सुरू हुने मितिः                    (ख) सम्पन्न हुने मितिः

८. आयोजनाका प्रमुख क्रियाकलापहरूः

९  आयोजनाको किसिमः

सेवा प्रधान    अनुसन्धान प्रधान    उत्पादन प्रधान    निर्माण प्रधान सुशासन

१०.  आयोजनाको लक्षित प्रतिफल⁄उपलब्धिः

११.  आयोजना कार्यान्वयन गर्ने निकायः

खण्ड ख : आयोजनाको वित्तीय⁄आर्थिक

१२. आयोजनाको लागत ब्यहोर्ने स्रोत विवरणः                    ( रकम रूः हजारमा)

| **विवरण** | **रकम रु** | **विवरण** | **रकम रु** |
|---|---|---|---|
| आन्तरिक श्रोत | | वैदेशिक श्रोत | |
| नेपाल सरकार | | ऋण | |
| स्थानीय निकाय⁄संस्था | | अनुदान | |
| जनसहभागिता | | प्राविधिक सहायता | |
| जम्मा | | जम्मा | |

१३. आयोजनाको कूल रकमको बार्षिक बाँडफाँड

| पहिलो बर्ष | दोस्रो बर्ष | तेस्रो बर्ष | चौथो बर्ष | पाँचौ बर्ष |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

१४. आयोजनको सम्भाव्यता अध्ययन :

क) आर्थिक प्राविधिक सम्भाव्यता अध्ययन भएको छ, छैन? नभएको भए हुन नपर्ने कारण :

ख) आर्थिक प्राविधिक सम्भाव्यता अध्ययन भएको बर्ष :

ग) आर्थिक प्राविधिक सम्भाव्यता अध्ययनको निष्कर्ष :

१५. आयोजनको आर्थिक तथा वित्तिय विश्लेषण :

- खद वर्तमान मूल्य (Net Present Value-NPV)
- लागत प्राभवकारिता अध्ययन (Cost Fffectiveness Analysis)

१६. वातावरणी प्रभाव मूल्याङ्कनको सक्षिप्त विवरण (नभएको भए कारण उल्लेख गर्ने)

१७. आयोजनको कार्यान्वयनवाट हुने लाभ र लाभको प्रकृति

क) लाभान्वित हुने कूल जनसंख्या :

कूल जनसंख्या ………………महिला……………. बालवालिका …………

आदिवासी जनजाती ………….दलित……………. मुस्लिम

अन्य भए खुलाउने ……………………………

खण्ड ग : प्रशासनिक तथा व्यवस्थापकीय विवरण

१८. (क) आयोजनको अनुगमन तथा मूल्याङ्कन गर्ने संस्थागत व्यवस्था :

(ख) आयोजनको प्रतिफल र प्रभाव हेर्ने सूचक विवरण :

१९. आयोजनको दिगोपना र सम्पन्न भएपछि संचालन (Phase-out Plan) सम्वन्धी व्यवस्था

